जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १०८ • २०८२ माघ २५ गते आईतवार • 8 Feb. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## नागरिक समाजका प्रतिनिधिद्वारा नागरिक स्थानको सुदृढीकरण, सरकारी जवाफदेहिता र समावेशी नीतिको आवश्यकतामा जोड

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ माघ**



मधेश प्रदेशका नागरिक समाजका प्रतिनिधिहरूले समुदायको सशक्तीकरणका लागि नागरिक स्थानको सुदृढीकरण, सरकारी जवाफदेहिता र समावेशी नीतिको आवश्यकतामा जोड दिएका छन् ।

जनकपुरमा शुक्रबार आयोजित 'स्थानीय स्तरमा नागरिक संवादको पुनर्जागरण' विषयक बहुसरोकारवाला संवाद कार्यक्रममा सहभागीहरूले सिमान्तकृत समुदायको आवाजलाई निर्णय प्रक्रियाको मूलधारमा ल्याउन स्थानीय स्तरका नागरिक समाजका संस्थाहरूलाई बलियो बनाउनुपर्ने बताएका हुन् । कार्यक्रममा सहभागी नागरिक समाज तथा सामुदायिक संस्थाका प्रतिनिधिहरूले कमजोर सरकारी जवाफदेहिता र नागरिक समाजको भूमिकालाई खुम्च्याइएको प्रति चिन्ता व्यक्त गरे ।

उनीहरूले पारदर्शी रूपमा काम गर्दै विशेष गरी शिक्षा, स्वास्थ्य र सार्वजनिक चासोका क्षेत्रमा समावेशी नीतिका लागि वकालत जारी राख्नुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ताले भन्नुभयो, "पत्रकारहरू अग्रपङ्क्तिमा रहे पनि नागरिक स्थानलाई एक्लै अगाडि बढाउन सकिँदैन। सरकारी संस्थाहरू जनताप्रति जवाफदेही नहुँदा नागरिक समाजको प्रगति रोकिएको छ ।" कानुनकी विद्यार्थी नितु कुमारी यादवले लैंगिक हिंसाका घटनाहरूमा नागरिक समाजले आवाज उठाए पनि प्रहरी र स्थानीय सरकारले आफ्नो जिम्मेवारी पुरा नगर्दा समुदायले दुःख पाइरहेको उल्लेख गर्नुभयो। उहाँले स्थानीय स्तरमा शिक्षा र स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउनु नागरिक समाजको प्राथमिकता हुनुपर्ने बताउनुभयो । त्यस्तै, समग्र विकास सेवा केन्द्रका सामाजिक अभियन्ता वीरेन्द्र रविदासले मधेशको न्यून साक्षरता दरप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, "विद्यालय व्यवस्थापन समितिहरू राजनीतिक स्वार्थको थलो बनेका छन्। जबसम्म सामुदायिक विद्यालयको गुणस्तर सुधार हुँदैन, साक्षरता दरमा अपेक्षित वृद्धि सम्भव छैन ।" कार्यक्रममा अधिकारकर्मी प्रदीप कुमार यादवले मधेशका प्रमुख प्रादेशिक संवादहरूमा अझै पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका आवाजहरू ओझेलमा परेको बताउनुभयो। सजिलो पोस्टका गिरिजानन्द साहले नागरिक समाजका संस्थाहरूलाई तटस्थ रहन र बढ्दो भ्रामक सूचनाविरुद्ध सचेत रहन आग्रह गर्नुभयो। सन् २०२६ को संघीय निर्वाचन नजिकिँदै गर्दा सञ्चार माध्यमले डिजिटल साक्षरता प्रवर्द्धन गर्नुपर्नेमा उहाँको जोड थियो । नेपाल पत्रकार महासंघ मधेश प्रदेशकी उपाध्यक्ष ज्योति झाले नागरिक समाजभित्रैको राजनीतीकरण र स्वार्थको द्वन्द्वले वकालत गर्ने क्षमता कमजोर बनाएको स्वीकार गर्नुभयो ।

उहाँले भन्नुभयो, "यदि हामीले आफ्नै संस्थाहरूभित्र पारदर्शिता र जवाफदेहिता कायम गर्न सकेनौँ भने अरूका लागि बोल्ने नैतिक धरातल गुमाउन सक्छौँ ।" सामुदायिक रेडियो प्रसारक संघ (एकोरब) नेपालकी मधेश प्रदेश अध्यक्ष उपासना तिवारीले ३८० भन्दा बढी सामुदायिक रेडियोको नेटवर्क मार्फत नागरिक समाजको आवाज बुलन्द गर्ने प्रतिबद्धता जनाउनुभयो ।

## जनकपुरधाममा प्रदेशस्तरीय युवा मञ्च सम्पन्न, १३ बुँदे घोषणा-पत्र सार्वजनिक

**मो.इर्शाद**
**जनकपुरधाम, २४ माघ**



लोकतन्त्र, महिला अधिकार र युवाको प्रभावकारी सहभागितालाई केन्द्रमा राख्दै प्रदेशस्तरीय युवा मञ्चले १३ बुँदे घोषणा-पत्र सार्वजनिक गर्दै आफ्नो एकदिने कार्यक्रम सम्पन्न गरेको छ । मधेस प्रदेशको राजधानी जनकपुरधाममा आयोजित उक्त मञ्च ओरेक नेपाललगायत विभिन्न संघ-संस्थाहरूको संयुक्त पहलमा सम्पन्न भएको हो ।

आयोजकका अनुसार मधेस प्रदेशका सबै जिल्लाबाट करिब १०० जना युवाहरूको सहभागिता रहेको थियो । कार्यक्रमको स्वागत मन्तव्य महिला सचेतना केन्द्रकी अध्यक्ष साधना वर्माले राखेकी थिइन्। त्यस्तै, मञ्चको उद्देश्यबारे जानकारी दिँदै ओरेक नेपालकी मधेस प्रदेश संयोजक बिना सिंहले वर्तमान अवस्थामा युवा तथा महिलामाथि पर्ने चुनौती, उनीहरूको अर्थपूर्ण सहभागिता र सशक्तीकरणका विषयमा बल दिएको छ । कार्यक्रमअन्तर्गत युवाहरूबीच समूह छलफलसमेत गरिएको थियो, जसको सहजीकरण ओरेक नेपालकी कार्यकारी निर्देशक सुनिता मैनालीले गरेकी थिइन्। छलफलमा दलित युवा महिला अभियन्ता उर्मिला दास, मुस्लिम युवा आतिया खातुन, युवा अभियन्ता दिवाकर उप्रेती, ललित महतो, अपाङ्ग युवा मधु महतो, यौनिक तथा अल्पसंख्यक समुदायका प्रतिनिधि शुसिल दनुवार, तथा जेसी विज्ञ शोभा महतोले आ-आफ्ना धारणा प्रस्तुत गरेका थिए । छलफलमा नागरिकता समस्या, युवाको राजनीतिक प्रतिनिधित्व, समान सहभागिता, लोकतन्त्र तथा पहिचान-सम्बन्धी मुद्दा प्रमुख रूपमा उठाइएका थिए । विभिन्न सत्र र प्रस्तुतिपछि कार्यक्रमले १३ बुँदे घोषणा-पत्र जारी गर्दै मञ्च समापन गरिएको आयोजकले जनाएको छ ।

## श्रीरामजानकी क्रिकेट स्टेडियमको विषयमा निधीद्वारा महत्वपूर्ण धारणा व्यक्त



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ माघ**


नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले जनकपुरधाममा निर्माणाधीन श्रीरामजानकी क्रिकेट स्टेडियमको विषयमा महत्वपूर्ण धारणा व्यक्त गरेका छन् ।

शनिबार चुनावी प्रचारका क्रममा वडा भेलालाई सम्बोधन गर्दै नेता निधिले क्रिकेट स्टेडियम निर्माणलाई प्राथमिकतामा राख्दै आफूले यस विषयमा भारतीय दूतावास तथा संघीय र प्रदेश सरकारका अर्थमन्त्रीसँग छलफल गरिसकेको बताए । उनले भने, 'मैले भारतीय दूतावास र दुबै अर्थमन्त्रीसँग कुरा गरिसकेको छु । जनकपुरधाममा अन्तर्राष्ट्रियस्तरको क्रिकेट स्टेडियम बन्नै पर्छ ।' निधिले जनकपुरधामलाई खेलकुद पर्यटनको केन्द्रका रूपमा विकास गर्न स्टेडियम महत्वपूर्ण पूर्वाधार हुने उल्लेख गरे । यसले युवाहरूलाई खेलतर्फ आकर्षित गर्नुका साथै रोजगारीका अवसर सिर्जना गर्ने उनको भनाइ थियो । उनले आगामी दिनमा केन्द्र, प्रदेश र स्थानीय तहको सहकार्यमा निर्माण कार्यलाई तीव्रता दिइने प्रतिबद्धता जनाए । 'यो खेल मैदान मात्र नभई जनकपुरधामको पहिचान र गौरवसँग जोडिएको परियोजना हो,' उनले थपे । स्थानीय बासिन्दा र खेलप्रेमीहरूले लामो समयदेखि स्टेडियम निर्माणको माग गर्दै आएका छन् ।






समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाशनको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# मत र विचारलाई जिम्मेवारीपूर्वक प्रयोग गरौं

*प्रतिनिधि सभाको चुनावमा हामीले मत र विचारलाई जिम्मेबारीपूर्वक प्रयोग गर्न आवश्यक रहेको देखिन्छ । हामीले समयमै सही निर्णय गर्न सकेनौं भने हामी पनि फेरि-फेरि नयाँ-नयाँ अनुहारमा पुरानै गल्ती दोहोऱ्याइरहने देखिन्छ । त्यसपछि पछुताउनु बाहेक हामीसँग अरू कुनै विकल्प बाँकी रहदैन । यहाँ अर्को ठूलो भ्रम पनि छ- पार्टी नै सबै समस्याको जरो हो भन्ने । वास्तविकता त्यस्तो नरहेको देखिन्छ । समस्या पार्टी होइन, त्यसभित्र बसेको अक्षम, अवसरवादी र राजनीतिक रूपमा अपरिपक्व नेतृत्व गर्ने रहेको देखिन्छ । सचेत नागरिकको भूमिका यहाँ निर्णायक हुन्छन । पार्टीलाई गाली गरेर हामीले जिम्मेवारीबाट भाग्न सक्दैनौं । आवश्यकता के हो भने त्यस्ता असक्षम नेतृत्वलाई पन्छाएर विचार, अनुभव, नैतिकता र जिम्मेवारी बोक्न सक्ने मानिसलाई अगाडि ल्याउने साहस नागरिकमा हुनुपर्छ । नयाँ दल र नयाँ नेता जन्मनु लोकतन्त्रको स्वाभाविक प्रक्रिया रहेको देखिन्छ । यसलाई रोक्न हुँदैन, डराउन पनि हुँदैन । तर नयाँको नाममा ठग, चटके र क्षणिक लोकप्रियताको व्यापार गर्नेहरूसँग जोगिनु नागरिकको कर्तव्य रहेको देखिन्छ । लोकतन्त्रमा सबैभन्दा ठूलो शक्ति जनता रहेको छ । तर त्यो शक्ति चेतनाविहीन भयो भने त्यही शक्ति आफैंमाथि बोझ बन्ने देखिन्छ । सक्रिय नागरिक भनेको केवल मतदानमात्र होइन । राजनीतिक चेतनाले शिक्षित निर्णय गर्न, सहभागी हुन र सार्वजनिक छलफलमा आवाज उठाउन पनि सिकाउँछ । त्यसैले नागरिकले आफ्ना मत र विचारलाई अब जिम्मेवारीपूर्वक प्रयोग गर्नुपर्छ ।*

# निर्वाचन आचारसंहिताको गम्भीर उल्लङ्घन भइरहेको भन्दै प्रमुख निर्वाचन कार्यालयलाई ध्यानाकर्षण पत्र

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २४ माघ**



नेपाल विद्यार्थी संघ सप्तरीले जिल्लामा निर्वाचन आचारसंहिताको गम्भीर उल्लङ्घन भइरहेको भन्दै शुक्रबार प्रमुख निर्वाचन कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएको छ ।

नेपाल विद्यार्थी संघका जिल्ला अध्यक्ष राकेश ठाकुरको नेतृत्वमा गएको एक टोलीले ध्यानाकर्षणपत्र बुझाएको हो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यका साथ ध्यानाकर्षणपत्र बुझाइएको सङ्घका अध्यक्ष ठाकुरले बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । जिल्लाका विभिन्न स्थानहरूमा विशेष गरी जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जसपा, स्वाभिमान पार्टी लगायतका दलहरूबाट आचारसंहिता विपरीत गतिविधिहरू भइरहेको, व्यानर र झण्डाको दुरुपयोग, सार्वजनिक स्थल तथा विद्युतको पोल एवम् निजी घरहरूमा तोकिएको मापदण्ड विपरीतका ठुला व्यानर र झण्डाहरूको व्यापक प्रयोग भइरहेको ध्यानाकर्षण पत्रमा दाबी गरिएको छ । यस्तै प्रचार-प्रसारका नाममा ठुला-ठुला साउन्ड सिस्टम, माइक लगायतको प्रयोगले ध्वनि प्रदूषण भइरहेको तथा त्यसले जनजीवन प्रभावित पारेको पत्रमा उल्लेख छ ।

नेविसंघले ध्यानाकर्षण पत्र बुझाए लगत्तै अनुगमनको क्रममा निर्वाचन अनुगमन टोलीले राजविराजस्थित गजेन्द्र चोकमा बसमा भुण्ड्याइएको उज्यालो नेपाल पार्टीको व्यानर प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले आफैं निकालेका छन् । यस्तै सोही स्थानामा एक स्कारपियोबाट जसपा नेपालको झण्डा र व्यानर समेत हटाउन लगाइएको छ ।

सोही स्थानबाट निर्वाचन अनुगमन टोलीले एक गाडीबाट रास्वपाको झण्डा समेत हटाउन लगाएको छ । यता निर्वाचन आयोगले फागुन ४ गतेदेखि १८ गतेसम्मका लागि खुला रूपमा प्रचार प्रसारका साथै झण्डा, तुल, पर्चा, पम्प्लेट वितरण तथा टास गर्न भनेको छ ।

तर अहिले जिल्लामा व्यापक रूपमा आचारसहिताको उल्लङ्घन भइरहेको गुनासो आएपछि अनुगमन समितिले आचारसहिता पालना गर्न गराउन सक्रियताका साथ लागेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

संघिय सरकार
प्रदेश सरकार

**सार्वजनिक सूचना ।**

(मिति २०७०।११।१९ गते कम्पाउण्ड भित्र सपूर्ण वृक्षारोपण देव शरण साहले आफै लगाएको)

विषय : गंगासागर र धनुष सागरको डिलमा सार्वजनिक पुस्तकालय अन्तर्गत परिश्रम लगानी ५० लाख भन्दा बढी गैर जिम्मेवार व्यक्तिलाई कुनै प्रकारको आर्थिक कारोवारमा नाम समावेस नगर्ने गराउने सम्बन्धमा ।

RDO18074264NP
RDD111799037N
RD800748798N
RD690882014N
RH25140629NP
RD797554463NP
791084228
RD786930296NP
RD127183866NP
RD786273895NP

**देव शरण साह**
**ज.उ.म.न.पा.वडा नं. १८**
**मो.९८१७६३४३७८**

# नेपाली काँग्रेसले फागुन ६ गतेबाट चुनावी सभा थाल्ने



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ माघ**

नेपाली काँग्रेसले फागुन ६ गतेबाट चुनावी सभा थाल्ने भएको छ । फागुन २१ को निर्वाचनलाई लक्षित गरेर जनकपुरमा सभा गर्न लागिएको हो । सभापति गगन थापा यसपटक सर्लाही-४ बाट चुनाव लड्दै हुनुहुन्छ । पहिलो ठूलो सभा मधेशमै गर्ने काँग्रेसको रणनीति बनाएको छ ।

सभालाई सभापति थापा र उपसभापति विश्वप्रकाश शर्मा सहित शीर्ष नेताहरूले सम्बोधन गर्ने काँग्रेसको मधेस सभापति कृष्णप्रसाद यादवले बताउनुभयो । यही फागुन ६ गते बुधबार जनकपुरधाममा आयोजना हुने मधेश सभाको विशेष तयारीका लागि नेपाली कांग्रेस मधेश प्रदेश कार्यसम्पादन समितिको बैठक सम्पन्न भएको उहाँले बताउनुभयो। शनिबार पार्टीको प्रदेश कार्यालय थापा चौक, जनकपुरधाममा बसेको बैठकले फागुन ६ गते जनकपुरधामस्थित तिरुहतिया गाछीमा मधेश सभा आयोजना गर्ने निर्णय गरिएको छ । बैठकले सभाको प्रचार-प्रसारको जिम्मेवारी नितेश कुमार गुप्तालाई तथा मञ्च व्यवस्थापनको जिम्मेवारी पार्टीको धनुषा जिल्ला सभापति योगेन्द्र पञ्जियारलाई प्रदान गर्ने निर्णय गरेको छ ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथुन: अनावश्यक चिन्ता
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: मित्रतामा फाटो आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: शुभ कार्यको शुरुवात
कुम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनवाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानसँग थप वार्ता हुन्छ : ट्रम्प

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ माघ**




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो प्रशासनले अर्को हप्ताको शुरूमा इरानसँग थप वार्ता गर्ने जानकारी दिएका छन् । ओमानमा इरानसँग भएको धेरै राम्रो अप्रत्यक्ष संवादको केही घण्टापछि ट्रम्पले यस्तो घोषणा गरेका हुन् । फ्लोरिडाको मार-एऔलागो क्लबतर्फ जाँदै गर्दा एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै उनले आफूहरूले इरानको बारेमा धेरै सकारात्मक कुराकानी गरेको बताए ।

उनी सम्झौतासम्बन्धी विवरण अहिले हेर्नुपर्ने तर इरान सम्झौता गर्न धेरै इच्छुक देखिएको पनि बताए । ट्रम्पले अर्को हप्ता पुनः भेट्ने योजना रहेको बताउँदै यदि इरानले आफ्नो आणविक कार्यक्रमसम्बन्धी सम्झौता गर्न असफल भए त्यसको परिणाम निकै गम्भीर हुने चेतावनी पनि दिए । अमेरिकाको प्रतिक्रिया स्वरूप सो क्षेत्रमा अमेरिकी नौसेनाको ठूलो युद्धपोत समूह पठाइँदैछ र चाँडै पुग्ने समेत उनले उल्लेख गरे । स्थानीय सञ्चारमाध्यमका अनुसार ओमानमा भएको वार्तामा अमेरिकी राष्ट्रपतिका विशेष दूत स्टिभ विटकफ, ट्रम्पका ज्वाइँ जारेड कुश्नर र अमेरिकी सेन्ट्रल कमाण्डका कमाण्डर एडमिरल ब्राड कुपर सहभागी थिए ।

# ‘भागम भाग २’ : गोविन्दाको ठाउँमा मनोज बाजपेयी !

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ माघ**



बलिउडमा यतिबेला पुराना सुपरहिट फिल्मका सिक्वेल बनाउने लहर चलेको छ ।

यसैक्रममा सन् २००६ को चर्चित कमेडी फिल्म ‘भागम भाग’ को दोस्रो भाग बन्ने भएको छ। सो फिल्मको छायाङ्कन तयारी भइरहेको छ । फिल्मलाई लिएर आएको पछिल्लो अपडेटले भने दर्शकहरूलाई अचम्ममा पारेको छ। समाचारका अनुसार फिल्मको मुख्य कलाकार परिवर्तन गरिएको छ । फिल्ममा अक्षय कुमार र परेश रावलको जोडी यथावत् रहने भए पनि गोविन्दाको ठाउँमा मनोज बाजपेयी देखिने भएका छन् । रिपोर्टका अनुसार निर्माण पक्षले मनोज बाजपेयीलाई फिल्मका लागि अनुबन्धित गरिसकेको छ । ‘भागम भाग’ मा गोविन्दाको अभिनय र उनको ‘कमेडी टाइमिङ’ लाई दर्शकले निकै रुचाएका थिए । यस्तोमा गम्भीर अभिनयका लागि परिचित मनोज बाजपेयीले गोविन्दाको स्थानमा कस्तो न्याय गर्नेछन् भन्ने कुरामा सबैको चासो बढेको छ ।

यद्यपि, निर्माण पक्षले यसबारे अहिलेसम्म कुनै आधिकारिक घोषणा भने गरेको छैन । सन् २००६ मा रिलिज भएको ‘भागम भाग’ लाई प्रियदर्शनले निर्देशन गरेका थिए ।

# मतदाताले खोज्न थाले एजेण्डा र प्रतिबद्धता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ माघ**




आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै उम्मेद्वारलाई मतादाता रिझाउन भ्याइनभ्याइ छ । बिहानैदेखि साँझसम्म मतदाताका घरदैलो र बारीमै पुगेर उम्मेद्वारले मत मागिरहेका छन् ।

पटक-पटक आश्वासन मात्रै पाएका मतदाताले यसपाली एजेण्डा र प्रतिबद्धता खोज्न थालेका छन् । काठेखोला गाउँपालिका-६ का कृष्णप्रसाद सापकोटाले किसानको उत्पादनलाई बजारीकरणको प्रबन्ध मिलाउन सक्ने नेतालाई भोट दिने बताए। हरेक वर्ष दशौं लाखको तरकारी र फलफूल उत्पादन गर्न भए पनि बजारको अभावमा उचित मूल्य पाउन नसकेको उनको गुनासो छ। आफू विसं २०४८ देखि निरन्तर मतदानमा सहभागी हुँदै आएको सुनाउँदै अहिलेसम्म किसानका माग पूरा गर्ने नेता पाउन नसकेको कँडेलले बताए ।

कँडेलले भने, “पहिले-पहिले घरको काम छोडेर नेतालाई जिताउनुपर्छ भनेर हिँडियो, उनीहरूले चुनाव जितेर सांसद मन्त्री भए, हाम्रो समस्या जहाँको त्यही रहे, अहिले त किसानका काम गर्नु भन्नेलाई मात्रै मत दिने हो, पहिलेको जस्तो झुटा कुरा पत्याएर पछि हिड्न छोडियो, हाम्रा समस्या धेरै छन्, समयमा बीउ, मल पाइँदैन, उत्पादन गरेको वस्तुले मूल्य पाउँदैनन् ।”

बरेङ गाउँपालिका वडा नं १ का तमबहादुर थापाले गाउँको बसाँइसरा रोकेर उद्यमसँग जोड्न सक्ने उम्मेदवारलाई जिताउनु पर्ने बताए । बसाइँसराइले हरेक वर्ष गाउँबाट बजार झर्नेको संख्या बढ्दै गएको भन्दै यसलाई रोक्न कुनै नेताको ध्यान नगएको उनको भनाइ छ ।

# टी-२० विश्वकप आजदेखि सुरु, मुम्बईमा हुनेछ औपचारिक उद्घाटन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ माघ**



मुम्बईस्थि आइकोनिक वाङ्खेडे स्टेडियम। जहाँ आईसीसी पुरुष टी-२० विश्वकप २०२६ को औपचारिक सुरुवातको भएको घोषणा आज हुँदैछ । यही स्टेडियममा शनिबार साँझ संगित र खेलको मिश्रण देख्न पाइनेछ । वाङ्खेडे रंगशालमा सांगित माहोल हुनेछ आतिशवाजी हुनेछ र त्यससँगै औपचारिक रूपमा सुरु हुनेछ– आईसीसी पुरुष टी-२० विश्वकप २०२६ । जहाँ सह आयोजक भारतले समूह ए को खेलमा अमेरिकासँग खेल्नेछ । यो खेल नेपाली समय अनुसार साँझ ७:१५ बजे सुरु हुनेछ। त्यसअघि उद्घाटन समारोहका कार्यक्रम हुनेछ । हुन त टी-२० विश्वकपको खेलहरू शनिबार चाँडै सुरु भइसकेको छ। अर्को सह आयोजक श्रीलंकामा समूह ‘ए’ कै पाकिस्तान र नेदरल्यान्ड्सबीच पहिलो खेल सुरु भइसकेको छ। यस्तै समूह सी मा रहेको वेष्ट इन्डिज र स्कटल्याण्ड भारतको कोलकातास्थित एडेन गार्डेनमा दिउँसो प्रतिस्पर्धामा उत्रनेछन्। क्रिकेटको छोटो फर्म्याट टी-२० विश्वकपको इतिहास दुई दशक पूरा हुँदैछ भने पुरुष टी-२० विश्वकपको यो दशौं संस्करण हुनेछ । सन् २००७ मा भारतबाटै सुरु भएको टी-२० विश्वकप क्रिकेटले दुई दशक पूरा गर्दै गर्दाको ऐतिहासिक क्षणको साक्षी पनि वाङ्खेडे रंगशाला बन्नेछ। टी-२० क्रिकेटलाई सबैभन्दा रोमाञ्चक, ग्ल्यामरस र अनुमान गर्न नसक्ने खेलको रुपमा हेरिन्छ।




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, मधेश प्रदेश

# उत्तरदायित्वपूर्ण घोषणापत्रका लागि न्यायालयको भूमिका




-व्यावहारिक यथार्थ हेर्दा, निर्वाचन सम्पन्न भइसकेपछि ती घोषणापत्रहरू प्रायः औपचारिक दस्तावेजमा सीमित हुने, कार्यान्वयनप्रति कुनै कानुनी वा संवैधानिक उत्तरदायित्व नहुने गरेको देखिन्छ। लोकतन्त्रको वास्तविक शक्ति संविधानका अक्षरमा होइन, जनताको विश्वासमा निहित हुन्छ।

जनताको यो विश्वास राज्यसत्ताले निरन्तर जोगाइराख्नुपर्छ किनकि विश्वास कमजोर भयो भने लोकतान्त्रिक संरचना बाह्य रूपमा जति बलियो देखिए पनि भित्री रूपमा भने खोक्रो बन्छ। निर्वाचनको समयमा राजनीतिक दल तथा उम्मेदवारहरूले जनतासमक्ष प्रस्तुत गर्ने प्रतिबद्धता, नीति, कार्यक्रम र आश्वासनहरूको लिखित स्वरूप नै निर्वाचन घोषणापत्र हो। घोषणापत्र केवल राजनीतिक प्रचार सामग्री मात्र नभई जनतासँग गरिएको एक प्रकारको सार्वजनिक नैतिक तथा लोकतान्त्रिक करार हो, जसका आधारमा मतदाताले आफ्नो मत प्रयोग गर्छन् र राज्यसत्ताको वैधता स्थापित हुन्छ। तर व्यावहारिक यथार्थ हेर्दा, निर्वाचन सम्पन्न भइसकेपछि ती घोषणापत्रहरू प्रायः औपचारिक दस्तावेजमा सीमित हुने, कार्यान्वयनप्रति कुनै कानुनी वा संवैधानिक उत्तरदायित्व नहुने गरेको देखिन्छ। यसले लोकतन्त्रको आधारभूत आत्मामाथि नै गम्भीर प्रश्न खडा गरेको छ। यही पृष्ठभूमिमा एउटा मौलिक संवैधानिक प्रश्न उठ्छ, जब विधायिका आफैं निर्वाचन घोषणापत्रलाई बाध्यकारी बनाउने कानुन निर्माण गर्न इच्छुक देखिँदैन भने के संविधानको संरक्षकको हैसियतले न्यायालयले हस्तक्षेप गर्न सक्दैन ? वा अझ स्पष्ट रूपमा भन्नुपर्दा, के न्यायालयले निर्देशक आदेशमार्फत घोषणापत्रलाई उत्तरदायित्वको दायरामा ल्याउने पहल लिनु उसको संवैधानिक कर्तव्य होइन ? यस लेखले यही प्रश्नलाई केन्द्रमा राखेर निर्वाचन घोषणापत्रको कानुनी, लोकतान्त्रिक र संवैधानिक महत्त्वको विश्लेषण गर्दै, न्यायालयले न्यायिक सक्रियताको माध्यमबाट हस्तक्षेप गर्नुपर्ने औचित्यलाई विधिसम्मत रूपमा स्थापित गर्ने प्रयास गर्छ।

घोषणापत्रको कानुनी तथा लोकतान्त्रिक महत्त्वः घोषणापत्र राजनीतिक दल र मतदाताबीचको विश्वासको सेतु हो। लोकतान्त्रिक प्रणालीमा मतदाता केवल व्यक्तिलाई होइन, उसले प्रस्तुत गरेको नीति, दृष्टिकोण र प्रतिबद्धतालाई आधार मानेर आफ्नो मत प्रयोग गर्छ। यस अर्थमा घोषणापत्र मतदाताको निर्णय निर्माण गर्ने प्रमुख साधन हो र यसलाई लोकतान्त्रिक प्रक्रियाको मेरुदण्डका रूपमा हेरिन्छ। घोषणापत्रबिनाको निर्वाचन केवल व्यक्तिको लोकप्रियतामा आधारित शक्ति हस्तान्तरण बन्न पुग्छ, जसले लोकतन्त्रलाई व्यक्तिकेन्द्रित बनाउँछ, न कि नीतिकेन्द्रित।

नेपालको संविधानमा प्रत्यक्ष रूपमा 'निर्वाचन घोषणापत्र' भन्ने शब्द प्रयोग नगरिए पनि संविधानका मूल आत्मा र आधारभूत सिद्धान्तहरूसँग घोषणापत्र गहिरो रूपमा गाँसिएको छ। लोकतान्त्रिक शासन प्रणाली, जनताको सार्वभौमसत्ता, उत्तरदायी तथा जवाफदेही सरकार, पारदर्शिता र सुशासनजस्ता संवैधानिक मूल्यहरू घोषणापत्रको विश्वसनीयता र कार्यान्वयनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्। यदि घोषणापत्र पूर्ण रूपमा गैरबाध्यकारी रहन्छ भने यी मूल्यहरू व्यवहारमा लागू हुने होइन, केवल संवैधानिक दस्तावेजमा सीमित हुने खतरा रहन्छ। घोषणापत्रको अविश्वसनीयताले मतदातामा निराशा पैदा गर्छ, निर्वाचनप्रति उदासीनता बढाउँछ र अन्ततः लोकतन्त्रप्रतिको आस्था कमजोर पार्छ। यसैले घोषणापत्रलाई पूर्ण रूपमा राजनीतिक नैतिकतामा मात्र छोड्नु अपर्याप्त देखिन्छ।

विधायिकाको निष्क्रियता र स्वार्थको द्वन्द्वः निर्वाचन घोषणापत्रलाई बाध्यकारी बनाउने कानुनी संरचना निर्माण गर्ने प्राथमिक जिम्मेवारी विधायिकाकै हो। तर व्यवहारमा विधायिका यस विषयमा निरन्तर मौन देखिन्छ। यसको मूल कारण स्पष्ट छ, यदि घोषणापत्रलाई कानुनी वा संवैधानिक रूपमा उत्तरदायित्वसँग जोडियो भने राजनीतिक दल र निर्वाचित प्रतिनिधिहरू आफ्नै प्रतिज्ञाबाट बाँधिनुपर्ने हुन्छ। यसले उनीहरूको विवेकाधीन शक्ति, राजनीतिक सौदाबाजी र सुविधा सीमित गर्छ। यही विन्दुमा 'स्वार्थको द्वन्द्व' स्पष्ट रूपमा देखिन्छ। जसले कानुन बनाउने अधिकार राख्छ, ऊ स्वयं त्यो कानुनबाट बाँधिन चाहँदैन।

यस्तो अवस्थामा विधायिकाबाट स्वैच्छिक सुधारको अपेक्षा गर्नु यथार्थपरक हुँदैन। लोकतन्त्रको रक्षा केवल बहुमतको इच्छामा छोड्दा अल्पकालीन राजनीतिक स्वार्थले दीर्घकालीन संवैधानिक मूल्यहरूमा क्षति पुग्न सक्छ। यस्तो अवस्थामा संविधानले परिकल्पना गरेको शक्ति सन्तुलनको सिद्धान्त अनुसार अर्को संवैधानिक अंग न्यायपालिकाले हस्तक्षेप गर्नु अस्वाभाविक होइन, बरु अपरिहार्य हुन्छ। न्यायालयको भूमिका : संविधानको संरक्षक- न्यायालय केवल विवाद समाधान गर्ने प्राविधिक संस्था मात्र होइन, संविधानको अन्तिम व्याख्याता र संरक्षक पनि हो। जब संविधानमा निहित मूल्यहरू व्यवहारमा कुण्ठित हुन्छन्, तब न्यायालय मौन बस्न सक्दैन। संविधान स्वयं एक जीवित दस्तावेजउत्तरदायित्वसँग जोडियो भने राजनीतिक दल र निर्वाचित प्रतिनिधिहरू आफ्नै प्रतिज्ञाबाट बाँधिनुपर्ने हुन्छ। यसले उनीहरूको विवेकाधीन शक्ति, राजनीतिक सौदाबाजी र सुविधा सीमित गर्छ। हो, जसलाई न्यायालयले समयअनुसार अर्थपूर्ण बनाइरहनुपर्छ। नेपालको सर्वोच्च अदालतले विभिन्न फैसलाहरूमा पटक-पटक यो सिद्धान्त स्थापित गरिसकेको छ कि जहाँ विधायिका वा कार्यपालिका संवैधानिक कर्तव्य निर्वाह गर्न असफल हुन्छन्, त्यहाँ न्यायालयले संवैधानिक शून्यता भर्न सक्छ।

*साभार : कान्तिपुर।*


## अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सुचना

यस सुभिक्स मोबिलिटि ले China बाट पैठारी गरीएको दहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकरीको लागी प्रकाशन गरिएको छ।

| सि.न | मालवस्तुको विवरण/प्रकार | ब्राण्ड | मोडल | मोटर क्षमता | उत्पत्तिको मुलुक | प्रति इकाइ अधिकतम खुद्रा मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तिन पाङग्रे विद्युतिय रिक्शा | Kyoto | MAX | 1000 Watt | CHINA | रु ३,२५,००० ( तिन लाख पच्चीस हजार मात्र) | |
| २ | तिन पाङग्रे विद्युतिय रिक्शा | Kyoto | FT3 | 1200 Watt | CHINA | रु ४,२५,००० (चार लाख पच्चीस हजार मात्र) | |

बिक्रेता फर्मको नाम : सुभिक्स मोबिलिटि | स्थायी लेखा नं. ६१७५५६९६५
ठेगाना : क्षिरेश्वरनाथ ०४, धनुषा | ssuvicsmobility@gmail.com, सम्पर्क.९८१२००७२३४






अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday